स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक

झरना थापाको निर्देशनमा बनेको फिल्म 'एक भगवत् गीता'को गीत सार्वजनिक गरिएको छ । बिहीबार सार्वजनिक 'मायालाई चिनो' बोलको गीतमा फिल्मका मुख्य २ पात्र अभिनेता धीरज मगर र अभिनेत्री सुहाना थापाको लभ केमेष्ट्रीलाई प्रस्तुत गरिएको छ । शंकर अधिकारी 'घायल'को शब्द रहेको गीतमा बाबुल गिरीको संगीत र स्वर छ । गुरुङ र मधेशी समुदायबाट प्रतिनिधित्व गर्ने दुई फरक पात्रको प्रेमकथालाई गीतको भिडियोमा बुनिएको छ ।

आजको विचार...

गोविन्द अधिकारी

यी नेताको...

(दुई पेजमा)

डेढ दशकअघि एक गजलले नेपाली संगीतप्रेमीको मन यसरी छोएको कि त्यसले सफलताको नयाँ मानक नै खडा गरिदियो । विपिन किरणको शब्द, महेश खड्काको संगीत र अञ्जु पन्तको आवाजमा रहेको त्यो गजल थियो 'न बिर्सें तिमीलाई, न पाएँ तिमीलाई'। अन्य शैलीका गीतहरुले नेपाली संगीतमा कब्जा जमाइरहेको बेला यसले गजल पनि मूलधारको संगीतमा यो हदसम्म लोकप्रिय हुन सक्छ भनेर स्थापित नै गरिदियो । यसका सर्जक र अञ्जुलाई यस गजलले नेपाली सांगीतिक क्षेत्रमा जबर्जस्त स्थापित गरायो ।

❐ वर्ष २९ ❐ अंक ४१ ❐ २०८० भदौ ९ गते शनिबार 26 August 2023, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

करेन्ट लागेर एक पुरुषको मृत्यु

रूपन्देही, भदौ ८/ रुपन्देहीमा करेन्ट लागेर एक पुरुषको मृत्यु भएको छ । बुटवल उपमहानगरपालिका-१३ बेलबासस्थित नेपाल टेलिकम प्रादेशिक निर्देशनालय भैरहवामा बैतडी सुर्नया गाउँपालिका-२ का ४२ वर्षीय हरिस बहादुर चन्दको करेन्ट लागेर मृत्यु भएको हो ।

उनले सिंह निर्माण सेवा मार्माकार दार्चुलाले लिएको ठेक्कामा काम गर्दै आएका थिए । विद्युतको पोलबाट टेलिकमको तार तान्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

मानव कङ्काल फेला

कपिलवस्तु, भदौ ८/कपिलवस्तुको एक वनमा मानव कङ्काल फेला परेको छ । वाणगङ्गा नगरपालिकामा रहेको बागेश्वरी सामुदायिक वन क्षेत्रभित्र मानव अस्थिपञ्जर तथा साथमा चप्पल पनि समेत फेला परेको हो । स्थानीयवासीले च्याउ खोज्न जाँदा मानव कङ्काल फेला पारेपछि प्रहरीलाई जानकारी गराएका थिए । घटनाको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

असफलताको बाटोमा स्वास्थ्य बीमा

बीमा बोर्डले पाल्पाका दुई अस्पतालसहित २६ स्वास्थ्य संस्थालाई सूचीबाट हटायो

रामचन्द्र रायमाझी

पाल्पा, भदौ ८/स्वास्थ्य उपचारमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सरकारले सामाजिक सुरक्षाका रूपमा आर्थिक वर्ष २०७२/७३ मा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम शुरू गरेको थियो ।

जस्वास्थ्य बीमा ऐन अन्तर्गत स्वास्थ्य बीमा बोर्ड गठन गरेर सञ्चालन गरिएको यो कार्यक्रममा बीमितहरूले तोकिएका स्वास्थ्य संस्थाबाट बीमा सुविधा अनुसारका तोकिएको औषधोपचार निःशुल्क पाउँदै आएका थिए, तर पछिल्लो समय बोर्डले स्वास्थ्य सेवा प्रदायक संस्थाहरुलाई धमाधम सूचीबाट हटाउन थोपछि भने कार्यक्रमको औचित्यमाथि नै प्रश्न उठेको छ । स्वास्थ्य सेवा प्रदान गरिरहेका संस्थाहरु बन्द गर्दै जान थालेपछि स्वास्थ्य बिमा नै असफलताको बाटोमा गएको हो कि भन्ने आभास हुन थालेको छ । अर्कोतर्फ स्वास्थ्य सेवामा सबैको पहुँचको ढोका खोलिए पनि, कार्यान्वयनमा भएको कमजोरी, अनुगमनको अभाव लगायत विभिन्न कारणले यो कार्यक्रम अहिले अपेक्षित रूपमा प्रभावकारी देखिंदैन । बोर्डले पछिल्लो समय पाल्पाका युनाइटेड मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजसहित देशभरका २६ वटा निजी स्वास्थ्य संस्थालाई स्वास्थ्य बीमाको सूचिबाट हटाएको छ । बोर्डले एक सूचना जारी गर्दै सरकारको आर्थिक वर्ष २०७९/८० को बजेटपछि अस्पतालको सम्झौताको अवधि समाप्त भई पुनः नवीकरण नभएका वा स्वास्थ्य बीमाको सेवा बन्द भएका निजी स्वास्थ्य संस्था र लामो समयसम्म पनि नवीकरण प्रक्रियामा नआएका स्वास्थ्य संस्थालाई सूचीबाट हटाउने निर्णय गरेको जनाएको छ । पाल्पाको मिसन अस्पतालले बोर्डले भुक्तानी नदिएपछि साउन २१ गतेदेखि बिमा उपचार सेवा बन्द गरेको थियो ।

बोर्डले सम्झौता अनुरुप काम नगरेको र समयमै भुक्तानी नदिएकाले सेवा नै बन्द गर्नुपर्ने अवस्था आएको अस्पतालले जनाएको थियो । लुम्बिनी मेडिकल कलेजको भने यस अघि नै सेवा बन्द भएको थियो । सरकारले यस अघि नै निजी अस्पताल तथा मेडिकल कलेजमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन नगर्ने घोषणा गरेपछि त्यहाँको सेवा बन्द थियो । सरकारले सरकारी, सामुदायिक र सहकारीबाट सञ्चालन भएका अस्पतालमा बीमामा कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएपछि बोर्डले निजी अस्पताललाई पुनः नवीकरण रोकेर सूचीबाट हटाउन थालेको हो । सरकारले बजेट वक्तव्य मार्फत निजी र मेडिकल कलेजबाट सेवा सञ्चालन गर्नमा रोक लगाएसँगै निजी अस्पतालहरुले स्वास्थ्य बीमा कार्यक्रमबाट हात झिकेका छन् । यसले गर्दा अब बिमा कार्यक्रम के हुने हो भन्ने आम नागरिकमा अन्यौल सिर्जना गरेको छ । सरकारले स्वास्थ्य सम्बन्धी जोखिम न्यूनीकरण गर्ने र अति विपन्न नागरिकलाई स्वास्थ्य सेवामा सहभागी गराउने उद्देश्यले यो कार्यक्रम शुरु गरेको थियो, जसमा एक लाखसम्मको स्वास्थ्योपचारका लागि वार्षिक ३ हजार ५ सय तिरे पुग्थ्यो । बीमा बोर्डको तथ्यांक अनुसार स्वास्थ्य बीमाका लागि मुलुकभर ४ सय ६४ वटा स्वास्थ्य संस्था सूचीकृत छन्, जसमध्ये ५२ निजी स्वास्थ्य संस्था रहेका थिए ।

रैनादेवी छहरा मिलन समाज

काठमाडौं गठन

पाल्पा, भदौ ८/रैनादेवी छहरा मिलन समाज काठमाडौं गठन भएको छ । पाल्पाको रैनादेवी छहरा गाउँपालिकामा स्थायी घर भई काठमाडौंमा पेशा, व्यवसाय, रोजगार र अध्ययनको शिलशिलामा बसोवास गर्दै आएका छहरेलीहरुको भेलाले काठमाडौंमा रैनादेवी छहरा मिलन समाज काठमाडौं गठन गरेको हो ।

भेलाले ढुण्डीराज पोखरेलको अध्यक्षतामा तदर्थ समिति गठन गरेको छ । जसको उपाध्यक्षमा धनञ्जय पौडेल, सचिव ईन्द्र पछाई, सह सचिवमा मेलिना कार्की रहेका छन् । सदस्यहरुमा जीवन पोखरेल, सुरेश पौड्याल, विष्णु कंडेल, यम दर्लामी, प्रकाश गौतम र विष्णु रायमाझी रहेका छन् । भेलाले नेपाली सेनाको पूर्व रथी यादव बहादुर रायमाझी, नेपाली सेनाका पूर्व उप रथी ताराबहादुर कार्की, नेपाल प्रहरीका एआइजी माधव प्रसाद नेपाल, राष्ट्रिय अनुसन्धान विभागका पूर्व डिआइजी राम कार्की, पूर्व प्रशासक टेक वीरजंग रायमाझी लगायतलाई समाजको सल्लाहकारको रुपमा समेत चयन गरेको छ । छहरेलीहरु बिच आपसी सम्बन्ध र आत्मीयता कायम गराउने उद्देश्यले समाज गठन गरिएको जनाइएको छ । आपसी सम्पर्क, सम्बन्ध सुमधुर बनाई भातृत्व र पारस्परिक एकतालाई थप मजबूद बनाउनु समाजको मुख्य उद्देश्य रहेको सल्लाहकार तथा पूर्व डिआइजी राम कार्कीले एनजेडीलाई जानकारी दिए ।...**-बाँकी अन्तिम पेजमा**

वर्ष दिनमा आठ सय बढी पुस्तक अध्ययन गरिन आठ वर्षीया लिनाले

गल्याङ (स्याङ्जा),भदौ ८/नेपालको सबैभन्दा ठूलो जलविद्युत् परियोजना कालीगण्डकी 'ए' को पावर हाउस जाने बाटोको नजिकै छ सत्यदेवी माध्यमिक विद्यालय । स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ बलामबेल्टारीमा अवस्थित उक्त विद्यालयमा कक्षा दुईमा अध्ययनरत छिन् आठ वर्षीया लीना पाण्डे । उनले एक वर्षको अवधिमा आठ सय ६७ पुस्तक पढेर सबैलाई चकित पारेकी छिन् ।

विसं २०३० मा स्थापना भएको विद्यालयमा बाल पुस्ताकालय नहुँदा साना बालबालिका विषय वस्तुभन्दा बाहेकका पुस्तक पढ्न पाउँदैनथे । अहिले विद्यालयले बाल पुस्तकालय स्थापना गरेपछि यहाँका बालबालिकामा सबै विषयवस्तु समेटिएका पुस्तक पढ्ने रुचिको विकास हुँदै गएको पुस्तकालयका व्यवस्थापक रुपा न्यौपानेले बताइन् । एक वर्ष अगाडि विद्यालयमा साक्षरता कार्यक्रम लागू भएसँगै बाल पुस्तकालय स्थापना भएको हो । 'बालमैत्री पुस्तकालयमा साना कक्षाका विद्यार्थीले रमाइला रमाइला बालकथाका पुस्तक पढ्न थालेका छन्', उनले भनिन्, 'विद्यार्थीले पुस्तकालयमा मात्र नभएर आफूलाई मन पर्ने पुस्तक घरमा लगेर पनि पढ्न थालेका छन् ।' बालबालिकाले घरमा लगेका पुस्तक फिर्ता गर्ने क्रममा किताबभित्रका विषयवस्तु सोध्दा सही उत्तर दिने गरेको व्यवस्थापक न्यौपानेले बताइन् । यसअघि विद्यालयमा बाल पुस्तकालय नहुँदा बालबालिका उमेरअनुसार बाहिरी पुस्तक पढ्नबाट वञ्चित थिए । लीनालाई पनि किताबसँग रमाउने बानीपरेको थिएन । पाठ्यक्रम र पाठ्यपुस्तकमा जे छ, शिक्षकशिक्षकाले जे पढाउनुहुन्छ त्यही विषयवस्तुमा सीमित हुनुपर्ने बाध्यता थियो । व्यवस्थापक न्यौपानेले पुस्तकालयमा विद्यार्थीले पढ्ने गरेका पुस्तकसहितको तथ्याङ्क आफूले राख्ने गरेको बताइन् । 'लीनाले गत २०७९ साउनदेखि अहिले २०८० असार मसान्तसम्म आठ सय ६७ पुस्तक पेढेकी छिन्', उनले भनिन् । व्यवस्थापक न्यौपानेका अनुसार कक्षा तीनकी कृतिका न्यौपाने र कक्षा दुईकी विभा भट्टराई पनि लीनाले जस्तै धेरै पुस्तक पढ्नेमा पर्छन् । लीनाकी आमा रेनुका डुम्रेले छोरीले धेरैजसो समय बालपुस्तक पढ्नमा बिताउने गरेको बताईन् । उनले विद्यालयमा बाल पुस्तकालय स्थापना भएदेखि छोरीले टेलिभिजन, मोबाइलगायतका सामग्रीमा ध्यान दिन छोडेको बताइन् ।-...**बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

किन दोहोरिन्छन् दुर्घटना ?

दिनहुँ सडक दुर्घटनाका समाचारले हाम्रो यात्रा अत्यन्त जोखिमपूर्ण छ भन्ने संकेत गरिरहेको छ । दुर्घटनाले सडक सुरक्षा अत्यन्तै कमजोर भएको देखाउँछ । दैनिकजसो ठूलो संख्यामा सवारी दुर्घटना हुने गरेका छन् । दुर्घटनाबाट धेरै व्यक्तिको मृत्युमात्रै भएको छैन, कयौँ व्यक्तिहरुको अङ्गभङ्ग समेत भएको छ । सडक दुर्घटना न्यूनीकरण होला भन्ने अपेक्षा गरिए पनि दैनिक जसो घट्ने ठूला दुर्घटनाले थप चिन्तित बनाएको छ । जसको पछिल्लो श्रृङ्खलामा बुधबार र विहीबार मात्रै देशमा दुई ठूला सवारी दुर्घटनाहरु भए । धादिङको चालिसेमा काठमाडौँबाट पोखरातर्फ जाँदै गरेको बस त्रिशूली नदीमा खस्दा ८ जना यात्रुले ज्यान गुमाएका छन् भने त्यसको केही घण्टालगत्तै बाराको चुरियामाईमा काठमाडौँबाट महोत्तरीतर्फ गइरहेको अर्को बस दुर्घटनामा पर्दा ७ जनाको मृत्यु भयो । दुवै बसमा सवार रहेका झण्डै ३० जना यात्रु घाइते भए, जसमध्ये केही गम्भीरसमेत रहेको बताइएको छ । एकैदिन भएका यी सडक दुर्घटनाहरु त केवल प्रतिनिधि घटनामात्रै हुन् ।

नेपालमा सडक दुर्घटनाका कारण वर्षेनी करिब २ देखि ३ सय जनाले ज्यान गुमाउनु, सयौं घाइते र हजारौं अपांग भइरहेको तथ्याङ्क हाम्रो सामु छ । यसले सडक दुर्घटनाको कहालीलाग्दो तस्वीर देखाउँछ । केन्द्रीय प्रहरीको तथ्यांकअनुसार पनि देशभर गत आर्थिक २०७९/०८० मा मात्र २३ हजार ५ सय ९७ वटा सवारी दुर्घटना भए । जसमा २ हजार ३ सय ६८ जनाले अकालमै ज्यान गुमाउनुपर्‍यो । ३० हजार २ सय २६ जना घाइते भए । त्यसभन्दा अगाडिको आव २०७८/०७९ मा सवारी दुर्घटनामा परी २ हजार ८ सय ८३ जनाले ज्यान गुमाएका थिए । दुर्घटना केवल मर्ने र अङ्गभङ्ग हुनेहरुको मात्र सरोकारको विषय होइन र हुँदैन पनि, त्यसले घरपरिवार, आफन्तजनमा समेत ठूलो कष्ट दिने गर्छ । दुर्घटनामा परेकाहरुको परिवारलाई राहत दिएर केही मन बुझाउने गरिए पनि दुर्घटना नियन्त्रणमा ध्यान नदिदा सम्म यस्ता कहाली लाग्दा घटनाहरु घटी नै रहने छन् । सरकारको सवारी दुर्घटनाप्रतिको उदासीनताकै कारण देशमा दैनिकजसो घटनाहरु दोहोरिरहेको छन् । ट्राफिक नियम पालना गर्न सहयोग पुर्‍याउने, सडक सुरक्षाबारे चेतनामूलक कार्यक्रम गर्ने, पैदलयात्री, साइकल तथा मोटरसाइकलचालकको सुरक्षाका सम्बन्धमा काम गर्ने भनेर हामीकहाँ धेरै संघ–संस्था खुलेका छन्। व्यापक प्रचार–प्रसार पनि भएको देखिन्छ तर पनि दुर्घटना र मृत्यु हुनेको संख्या रत्तिभर घटेको छैन, बरु दिनप्रतिदिन बढेको छ। आखिर यति धेरै दुर्घटना के कारणले हुन्छ र यसका जिम्मेवार को–को हुन् ? यस्ता घटना किन हरेक वर्ष दोहोरिइरहन्छन् ? यसतर्फ सरकारले गम्भीर भएर सोच्न जरुरी छ । अब पनि त्यसतर्फ नसोच्ने हो भने धेरैले सडक दुर्घटनाकै कारण अकालमै ज्यान गुमाउनुपर्ने निश्चितजस्तै छ ।

Opinion @ Social Network

जीवन बद्लनु छ भने संघर्षको मैदान मा उत्रनु पर्छ,
सपना साचेर त चाहाना थपिन्छ कहाँ उदेश्य पूरा हुन्छ र !
(सोनु गुरुङको फेसबुक स्टाटस https://www.facebook.com/Sonu.gurung.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

यी नेताको कवच उतार्ने इन्द्र पो कता होलान् ?

गोविन्द अधिकारी

> *संयुक्त इजलासको आदेशमा नाम त कसैको किटिएको छैन तर त्यसले जुन जग्गा हिनामिना गैरकानुनी भयो भनेर मुद्दा चलाइएको हो त्यसको अन्तिम निर्णय गर्ने व्यक्तिहरूलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्छ भनिएको छ । त्यसको स्पष्ट अर्थ हुन्छ– त्यतिबेला मन्त्रिपरिषद्को नेतृत्व गर्ने प्रधानमन्त्रीहरूलाई पनि उन्मुक्ति दिइनु हुँदैन । विडम्बना, ललितानिवास प्रकरणको छानबिन गरिरहेको सरकारी निकाय नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले भने तत्कालीन प्रधानमन्त्रीहरूसँग बयानसमेत नलिई मुद्दा बुझाउन लागेको छ रे ! संयुक्त इजलासको निर्णयको पालन गर्नु मन्त्रिपरिषद् र त्यसमातहतका निकायको पनि कर्तव्य हो । सरकारका लागि अदालतको निर्णय स्वीकार्य नभए 'न्यायिक पुनरावलोकन' गराउने सवैधानिक उपाय अपनाउन सक्छ । तर, न्यायिक पुनरावलोकन नहुँदासम्म निर्णय कार्यान्वयन नगर्न मिल्दैन ।*

लोकतन्त्र सजिलो, दक्ष र प्रभावकारी शासन व्यवस्था होइन । त्यसमाथि संसदीय लोकतन्त्र त झन् बढी 'लचिलो' हुन्छ । तैपनि, अहिलेसम्म लोकतन्त्रभन्दा 'उम्दा' शासन पद्धति भेटिएको छैन । यसको कारण के हो भने लोकतन्त्रका शासन विधिअनुसार सञ्चालित हुन्छ । जनताले शासक छान्दा गल्ती नै गरे भने पनि उसले सीमा नाघ्न पाउँदैन । कार्यपालिकालाई सन्तुलनमा राख्न व्यवस्थापिका र न्यायपालिका हुन्छन् । यी तीनवटै संस्था एकअर्कामा आवद्ध तर स्वतन्त्र हुन्छन् । सम्भवत: लोकतन्त्रलाई उत्कृष्ट शासन प्रणाली बनाउने आधार यही हो ।

लोकतान्त्रिक अभ्यासका गुण

लोकतान्त्रिक अभ्यासको इतिहास भएका समाजमा लोकतन्त्र शासन प्रणालीमा सीमित नभएर जीवनशैली बन्न पुगेको छ । यसैले शासकले लोकतन्त्रको बाटो बिराए वा छाडे भने त्यसलाई सच्याउने विधि, प्रक्रिया र संयन्त्र स्वत: सक्रिय हुन्छन् । लोकतान्त्रिक मूल्य आत्मसात् गरिनसकेको समाजमा भने त्यस्ता विधि, प्रक्रिया र संयन्त्र या त हुँदैनन् नत्र भए पनि अस्तित्वहीन हुन्छन् ।

नेपालमा लोकतान्त्रिक शासन प्रणालीको अभ्यास लामो छैन । यस्तै समाजमा लोकतान्त्रिक परम्परा स्थापित पनि भइसकेको छैन । त्यसैले होला हाम्रो लोकतान्त्रिक शासन नै 'खोक्रो' र 'जाली'जस्तो देखिन पुगेको छ । हालैका साताहरूमा सर्वोच्च अदालतले दिएका आदेश र फैसलामा शासनको खोक्रो तस्बिर फेरि उजागर भएको छ । हुनत, सर्वोच्च अदालतका यी ऐतिहासिक महत्त्वका निर्णयहरू पनि विवादरहित नहोलान् तर तिनले लोकतान्त्रिक शासन पद्धतिको मर्म भने उजागर गरेका छन् । दुर्भाग्य, विधिको शासनको मान्यता सम्झाउने न्यायपालिकाको निर्देशलाई सरकारले भने ग्रहण गर्न खोजेको देखिएन ।

पूर्ववर्तीलाई उन्मुक्ति : कलङ्क बहालवाला प्रधानमन्त्री माथि

ललितानिवास जग्गा हिनामिनासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासले मुख्य निर्णयकर्तालाई छानबिनबाट उन्मुक्ति दिइएकोमा सरकारको ध्यानाकर्षण गर्दै 'निर्णयका लागि जिम्मेवार मुख्य व्यक्तिलाई उत्तरदायी बनाउन' निर्देश दिएको छ । यसबाट मन्त्रिपरिषद्को निर्णयलाई 'नीतिगत' भन्दै छानबिनबाट उन्मुक्ति दिने रकमी अभ्यास पनि अस्वीकृत भएको छ । संयुक्त इजलासको आदेशमा नाम त कसैको किटिएको छैन तर त्यसले जुन जग्गा हिनामिना गैरकानुनी भयो भनेर मुद्दा चलाइएको हो त्यसको अन्तिम निर्णय गर्ने व्यक्तिहरूलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्छ भनिएको छ । त्यसको स्पष्ट अर्थ हुन्छ - त्यतिबेला मन्त्रिपरिषद्को नेतृत्व गर्ने प्रधानमन्त्रीहरूलाई पनि उन्मुक्ति दिइनु हुँदैन । विडम्बना, ललितानिवास प्रकरणको छानबिन गरिरहेको सरकारी निकाय नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले भने तत्कालीन प्रधानमन्त्रीहरूसँग बयानसमेत नलिई मुद्दा बुझाउन लागेको छ रे ! संयुक्त इजलासको निर्णयको पालन गर्नु मन्त्रिपरिषद् र त्यसमातहतका निकायको पनि कर्तव्य हो । सरकारका लागि अदालतको निर्णय स्वीकार्य नभए 'न्यायिक पुनरावलोकन' गराउने संवैधानिक उपाय अपनाउन सक्छ । तर, न्यायिक पुनरावलोकन नहुँदासम्म निर्णय कार्यान्वयन नगर्न मिल्दैन । न्यायालयको आदेशको यसरी प्रत्यक्ष र स्पष्ट अवज्ञा हुन थाल्यो भने विधिको शासनको सन्तुतन र संरचना सबै खलबलिन्छ । त्यसको अर्थ लोकतन्त्रको 'अवसान' हुनु हो । लाग्छ, प्रधानमन्त्री पुष्पकमल दाहाल सरकार सत्ता गठबन्धनका सहयोगी पूर्वप्रधानमन्त्री द्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईमाथि कारबाही चलाउनुभन्दा लोकतन्त्रको मर्ममा प्रहार गरेक । कलङ्क स्वीकार गर्न तत्पर छन् ।

फौजदारी अपराधका दोषीलाई क्षमादान अस्वीकार्य

सर्वोच्च अदालतकै संयुक्त इजलासको अर्को एउटा निर्णयमा टीकापुर हत्याकाण्डका सम्बन्धमा गरिएको टिप्पणीलाई भन्न त 'न्यायिक सक्रियताको उदाहरण' पनि भन्न सकिएला तर जघन्य अपराधका दोषीलाई क्षमादान वा अरू कुनै नाममा सजायबाट उन्मुक्ति दिनु विधिको शासनविपरीत हो भनिएको छ । निर्णय भने टीकापुर नरसंहारका मुख्य अभियुक्त रेशम चौधरीलाई राष्ट्रपतिले क्षमादान दिइसकेपछि सार्वजनिक भएको छ । हुनत, रेशम चौधरीलाई नरसंहारका मुख्य योजनाकार ठहर गरी जिल्ला र पुनरावेदन अदालतले दिएको सजाय नै सर्वोच्च अदालतको संयुक्त इजलासले २०८० को जेठ २ गते नै सदर गरेको हो । तर, हालै सार्वजनिक फैसलाको पूर्णपाठमा भने दीर्घकालीन महत्त्वका टिप्पणीहरू पनि उल्लेख गरिएका छन् । थरुहट आन्दोलनका नाममा २०७२ साल भदौ ७ गते कैलालीको टीकापुरमा ८ जना सुरक्षाकर्मी र एक बालकको हत्या भएको थियो । आन्दोलनकारीहरूको आक्रमणबाट ३६ जना सुरक्षाकर्मी घाइते भएका थिए । आश्चर्य, सशस्त्र तैनाथ सुरक्षाकर्मीले यस्ता घटनामा गर्ने आक्रामक व्यवहारविपरीत भदौ ७ मा टीकापुरमा अचम्मको संयम देखाए । निर्णयका आधार पुष्टि गर्न दिइएका महत्त्वपूर्ण तर्क र मिसिलमा रहेका प्रमाणहरूको विश्लेषणमा संयुक्त इजलासका न्यायाधीशहरूले निकै परिश्रम गरेको फैसलामा स्पष्ट देखिन्छ । सजाय सदर वा बदर यस लेखको विषय होइन । यसैले रेशम चौधरीलाई संविधान बमोजिम भन्दै दिइएको 'बाँकी कैद माफी'का विषयमा फैसलामा गरिएका टिप्पणीमा ध्यान दिऊँ ।

सरकारले अवज्ञा गरेका बुँदा

पहिलो, सर्वोच्च अदालतको संयुक्त इजलासले दलगत वा कुनै राजनीतिक व्यक्तिको स्वार्थका 'सहमति'का नाममा मुद्दा नचलाउने, फिर्ता लिने र अन्तिममा केही नलागे संवैधानिक प्राधानको अपव्याख्य गरेर सजाय माफी गर्ने अभ्यास नेपालको संविधान, २०७२ विपरीत हुने स्पष्ट पारेको छ । विधिको शासन रुचाउने जनसाधारणकै भावना यस टिप्पणीमा प्रतिविम्बित भएको देखिन्छ ।

दोस्रो, राजनीतिक आन्दोलन भएकाले त्यसलाई अपराध ठान्न नमिल्ने भन्नेहरूलाई संविधान र प्राकृतिक न्यायको मान्यता सम्झाउँदै स्पष्ट उत्तर दिइएको छ । शान्तिपूर्ण हुँदासम्म मात्र कुनै आन्दोलन राजनीतिक मानिनसक्छ । आन्दोलनले हिंसाको बाठो समातेपछि राज्यले पनि त्यसलाई फौजदारी अपराध नै ठान्नुपर्ने हुन्छ र मुलुकको फौजदारी कानुनअनुसार कारबाही हुनुपर्छ ।

तेस्रो, अहिले रेशम चौधरीको जन्मकैदको सजाय माफ गर्नेजस्तो अभ्यासले राज्य नै 'अपराधी संरक्षक' हुन पुग्छ । राज्यको मूल दायित्व नागरिकको जीउधनको रक्षा गर्नु हो । कुनै कारणवश नागरिकको जीउधनको क्षति भएमा दोषीलाई कानुनअनुसार सजाय दिलाउने र पीडितलाई सहायता दिने राज्यको कर्तव्य हो । मूलत: राज्यको आवश्यकता र अस्तित्वको औचित्य यसैमा निर्भर हुन्छ । यस कर्तव्यमा चुक्यो भने राज्य पीडकको हातमा पुग्छ भन्ने चेतावनी पनि न्यायाधीशले गरेका छन् ।

चौथो, 'राजनीतिक आवरणमा कसुरदारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिंदा फौजदारी न्याय मर्छ' भनेर स्पष्ट शब्दमा लेखिएको छ- 'वस्तुत: अपराध जसले गरे पनि अपराध नै हो । फौजदारी कानुनले व्यक्ति, पद वा उसको हैसियतलाई चिन्दैन ।' विधिको शासनको मूल सिद्धान्त पनि यही त हो । संविधानमा कानुनका अगाडि सबै समान हुन्छन् लेखिनुको तात्पर्य पनि त्यही हो । यस्ता अरू पनि थुप्रै महत्त्वपूर्ण बुँदा संयुक्त इजलासको फैसलामा छन् । दुर्भाग्य, सरकारले संवैधानिक व्यवस्थाको आडमा गरेको सिफारियसमा राष्ट्रपति रामचन्द्र पौडेलले रेशम चौधरीको सजाय माफ गरिसकेका छन् । अब सच्याउने उपाय के होला र ? फैसलाको पूर्णपाठ बेलैमा आएको भए केही हुन्थ्यो कि ? जेहोस्, अहिलेको सरकार सर्वोच्च अदालतको फैसलाअनुसार प्रकारान्तरले 'अपराधीको संरक्षक' सिद्ध भएको छ । भदौ ७ को कालो दिनभन्दा केही पहिले टीकापुर गएर उत्तेजक भाषण गरेर हिंसा दुरुत्साहित गर्नेहरूमाथि पनि कारबाही हुनुपथ्र्यो । कुनै सरोकारवाला वा कानुन व्यवसायीले यसमा पहल गरे हुने हो । अनिमात्र यो फैसला वास्तवमै कोसेढुंगा हुनेछ । देशलाई साँच्चै नै लोकतान्त्रिक बनाउने हो भने यस्ता विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ । दुर्भाग्य, अहिले सरकारको नेतृत्वलगायत धेरै राजनीतिक नेताहरू कुनै न कुनै दिन कानुनको फन्दामा पर्नसक्ने जोखिममा छन् र उनीहरूलाई 'क्षमादान'को कवच अपरिहार्यजस्तो छ । कर्णको जस्तो यो कवच उतार्ने इन्द्र पो कता होलान् ?

–बाह्रखरी डटकम

महत्त्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : सामाजिक क्षेत्रमा सफलता मिल्ने छ । लक्ष्मी प्रसन्न हुने योगछ ।	**तुला** : आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ ।
वृष : स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ ।	**वृश्चिक** : व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा हुनेछ ।
मिथुन : वाक्चतुर्‍याईले संकल्प सिद्ध हुनेछ । विभिन्न अवसर जुराउनेछ ।	**धनु** : न्यायिक कार्यमा सफलता मिल्ने छ । व्यापारमा धन लाभ हुनेछ ।
कर्कट : घरमा अतिथीको आगमन हुनेछ । भूमिबाट लाभ मिल्ला ।	**मकर** : सांस्कृतिक क्षेत्रमा रुची बढ्ने छ । शुभारम्भको चर्चा चल्नेछ ।
सिंह : मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रापनि होला ।	**कुम्भ** : रोकिएका आधुरा काम पुन: सुचारु हुनसक्छ । कार्यको चर्चा चल्नेछ ।
कन्या : घरमा अतिथीको आगमन हुने छ । संगीतमा रुचिपनि बढ्नेछ ।	**मीन** : सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग रहेको छ ।

साहित्य दर्पण

कथा — **बी एस नीरव**

गौँथलीको गुँड

विश्व मानव जगत कोरोनाको आगोमा पिल्सिइरहेको थियो । बुद्धको देशमा पनि युद्धको ऐलान दिँदै कोरोना भाइरस कोभीड १९ले उग्र रूप लिँदै थियो । सारा प्रकृति उही र उस्तै गतिमा चलिरहेको थियो । मात्र मान्छे घररूपी सुन्दर जेलमा बन्द थियो । सडकमा चहलपहल मन्द थियो । लकडाउनको शून्यता चारैतिर नाचिरहेकै थियो । ठिक त्यही समयमा कुसुमपुरीको भीमसेन टोलमा एउटा घरको अर्ध खुला सटरभित्र एक जोडी गौँथली भित्रिन्छ । चियाको चुस्की घुटुक्क निलेर म एक तमासले हेरिरहन्छु । कोठाभरि एकछिन आृना पखेटा फटफटाएपछि कुनै वास्तुविद्ले छनोट गरे झैँ ईशान्य कोणमा पुगेर उनीहरू चिरबिराउँछन् र एकैछिनमा ओझेल पर्छन् ।

चिया पिईवरी म पत्रिकामा आँखा पुऱ्याउन मात्र के भ्याएको थिएँ । यस्तैमा ती दुई आत्मा अघिकै बाटो चुच्चोमा अलिकति लेसिलो हिलो माटो लिएर आउँछन् । सानो चुच्चो, बाटुला आँखा, खैरो कालो सुलुत्त परेको जिउ, कालो चिल्लो भुवाभित्र सेतो कमेरे पेट, गुलेली आकारको पुच्छर । आहा ! हेर्दै लोभलाग्दो चरा । लच्छिनको बत्ती । झट्ट हेर्दा भँगेरो जत्रै देखिने गौँथली आकाशमा धेरै बेरसम्म उडिरहन सक्छ । गौँथली मलाई अति मन पर्छ । यति मनपर्छ कि सायद त्यति अरू कुनै चरा पनि मन पर्दैन । पालैपालो उनीहरूको आउने जाने क्रम अविराम चलिरहन्छ । मानौँ यो अवधिमा पनि निर्माणको काममाथि सरकारले कुनै अवरोध नगरी निर्बाध गर्न दिइरहेको छ । माथिबाट आकाशवाणी आउँछ - बाबु ! एकछिन यता आऊ त । झटिति माथि हेरेँ- आमा । निरभ्र आकाश उत्तरतिर एकदुई डफ्फा बिरालुबुट्टे बादलका केही दलहरू भर्खरै विद्यालयबाट छुटेका विद्यार्थी झैँ दौडिरहेका थिए । हरिया मकहिले धानचामल मुखमा लिएर बसेका । बिहानी पखको शीतल हावा बिस्तारै चलिरहेको थियो । सूर्यले दुर्लुङको डाँडामाथिबाट धर्तीको सुन्दरता पान गरिरहेको थियो । रेडियोमा सुमधुर गीत गुञ्जिरहेको थियो । गौँथलीको जोडी मनमा दृढ संकल्प लिएर नव गृह निर्माणमा तल्लीन देखिन्थ्यो । तन, मन र वचन लगाएका उनीहरूले आधाआधी जति गुँड सक्न बाकीँ थियो । कहिले चारा खोज्थे त कहिले माटो बोक्थे । थकान भन्ने शब्द मान्छेको शब्दकोशमा मात्र थियो जस्तो । उनीहरू कहिले कहिले चिबे, भँगेरा जस्ता वर्ग शत्रुको घेरामा पनि पर्थे । तर, कसो कसो उम्कन्थे पनि । घर बनाउने काममा पोथी गौँथली बढी सक्रिय देखिएकी थिई । सायद घरको जिम्मेवारी पुरुषभन्दा पनि महिलामा हुने मानवीय चरित्र जस्तै । पुरुषवाद प्रकृतिको प्राणी जगत्मा मात्र नभई कणकणमा व्याप्त छ जस्तो । करिब एक सप्ताहसम्म दुवै मिलेर यही प्रकृया निरन्तर देहोऱ्याइरहे । कुमालेको चक्र जस्तै । मिहिन माटाले निकै कलात्मक रूपमा सिप्रिङ आकृतिको सुन्दर घर बनाएपछि उनीहरू निकै खुसी देखिएका थिए । घर पुरा भएपछि उनीहरूको रहर पुग्दै थियो । अब उनीहरूले कहिले पहरा कहिले अर्केको छत त कहिले भत्केका घरको पानी चुहिने दलिन कुर्नु नपर्ने भयो । एक दिन घनघोर झरी पर्दा दुवै निथ्रुक्क भिजेको उनीहरूका मानसपटलमा अँझ ताजै थियो । जिन्दगीको सपना एउटा राम्रो घर । सानो संसार । त्यही संसारमा एक दुई खुसी भए अरू के चाहियो र ! घर सम्पन्न भएको उपलक्ष्यमा होला सायद भाले भुर्र उड्यो र हेर्दाहेर्दै चुच्चोमा एउटा फुल च्यापेर आयो । आृनी राधालाई प्रेमको सौगात थमायो । उसले पनि आफ्ना प्राणवल्लभलाइ तातो मुटु सुम्पी । फूलभन्दा ठुलो हार र मुटुभन्दा सुन्दर उपहार केही हुँदैन जस्तो लाग्यो । मान्छेमा हराउँदै गएको संवेदना चरामा देखेपछि अनायासै आँखाबाट दुई थोपा संवेग खस्न पुगेछ । उनीहरूको पनि दु:खमा रुने र सुखमा रम्ने मन हुँदो रहेछ । धन नभएर होइन ।

धन नभए पनि ठूलो मन नभएको प्राणी निर्धन हुँदोरहेछ । अनन्त खुसीको समर्पण गर्दै एकैछिन उनीहरू जिन्दगीको चरम खुसीमा निर्लिप्त भए । दुई छाया बिस्तारै एउटै छायामा एकाकार हुँदै गए । उत्तरतिर एकाएक कालो बादल उठ्छ अनि मडारिन थाल्दछ । निलो आकाशको सुन्दरता पिएर पनि कालो आकाश औँशी जस्तै कालै थियो । पानी नै नपर्दै एक्कासि सबैका आँखा बन्द गराउँदै बिजुली चम्कन्छ । कानै फुट्ने गरी टचङ्ङ गर्छ । धर्ती आकाश थर्कमान् हुन्छन् । मेरो आङ जिरिङ्ङ हुन्छ । यस्तैमा एक जोडी भँगेराको भिलेन शैलीमा इन्ट्री हुन्छ । आखिर शत्रु कसको हुँदैन र ? उनीहरूलाई पनि शत्रुको कुदृष्टि राहु बनेर आइलाग्यो । कामुक चरा भँगेराले गौँथलीलाई युद्धको हबाला दिँदै लखेट्छन् । गौप्राणी उनीहरू कुनै प्रतिवाद गर्दैनन् । दुवै जोडी तितरवितर भएर बाहिरिन्छन् । म भने आफैँभित्र गहिरिन्छु । सानै हुँदादेखि प्राय: गौँथलीको गुँड घरमा भइरहने हुँदा म गौँथलीसँग चिरपरिचित थिएँ । त्यतिबेला आमा भन्नुहुन्थ्यो - ‘बाबु, गौँथली त लच्छिनको चरा । यसलाई सधैँ माया गर्नू । गौँथली हुने घरमा सधैँ लक्ष्मीको बास हुन्छ ।’ यही महान् गीता वचन मेरा अन्तहृदयमा यसरी गढेको थियो कि जुन निकाल्नु असम्भव प्राय: थियो । गौँथली खै के चिर्बिराउँदै थिए । घरिघरि अज्ञात शङ्काको नजर यताउति डुलाउँथे । फाट्टफुट्ट उड्दै उनीहरू कनिका टिपिरहेका थिए । म उनीहरूको प्राणीसुलभ क्रियाकलाप हेरेर अपूर्व आनन्द लिइरहेको थिएँ । हेर्दाहेर्दै केही भँगेराहरू आतङ्ककारीको उन्माद बोकेर आए । कठोर चुच्चाले गौँथलीका टाउँकामा ठुङ्दै अवतरण गरे अनि उनीहरूले चरिरहेको चारोमा साम्राज्य जमाए । उनीहरूलाई के थाहा, चरामा पनि डार्विनको सर्भाइभल अफ फिटेस्ट लागु हुन्छ भनेर । यो संसार टठ्याइँ, बठ्याई र फट्याईको हो भन्ने उनीहरूले बुझ्न सकेनन् । ती भँगेराको अत्याचार त्यत्तिमा मात्र रोकिएन । फेरि आज अर्को एक जोडी साथी बोकेर समूह भिडन्तका लागि आए । उनीहरू निर्णायक युद्धका लागि आएका थिए । भँगेरको विस्तारवाद र साम्राज्यवादी नीति खेप्ने उनीहरू मात्रै थिएनन् । युद्धको जोशमा होस गुमाएका भँगेरा सिधै गौँथलीको गुँडमा पुगे अनि सुरु गरे आफ्नो निर्दयी हर्कत । उनीहरूको क्रुर आक्रमणमा गौँथलीले भाग नै लिएनन् । यति हुँदाहुँदै पनि गौँथलीका एकदुई भुत्ला उनीहरूले लुछ्न भ्याइसकेछन् ।

धर्तीले हिटलरमात्र कहाँ जन्माउँछ र ? अहिंसाको मार्गमा चल्ने महामनव बुद्ध पनि त बनाउँछ । हिंसामा भाग नलिएर उनीहरूले देखाएको बुद्ध दर्शन भँगेराले बुझ्न सक्ने सामर्थ्य राखेन । यसो बाहिरतिर हेरेको पल्लो घरको घरपट्टिले पेटीमा बसेको विचरा माग्नेलाई हकार्दै थियो । लछार्दै थियो । पछार्दै थियो । ‘जा, गइहाल, फोहोरी थाङ्ने ।’ मान्छेको यही अधिनायकवादी चरित्र भँगेरमा सरेको हुन सक्छ । त्यसपछि मेरा आर्दश पात्र दुईचार दिनका पाहुना गौँथली कहाँ गए होलान् ? के गर्दै होलान् ? उनीहरूको न्याय कसले गरिदिन सक्छ ? उनीहरूका कलिला रहरहरू कर्कलाको पानी बने । अज्ञात गन्तव्यको यात्रा कहाँ टुङ्गियो होला ? म हेर्छु, आज पनि गुँड उस्तै छ । त्यसको चहक र महक उस्तै छ । कतैबाट फेरि आउँछन् कि भनेर म बेलाबेलामा हेरिरहन्छु । एउटै उत्तर निराशा मात्र हात लाग्छ । त्यस गुँडमा गौँथलीको जीवन अँझै बाँचेको छ । उनीहरूको तातो याद बोकेर गुँड अँझै बाँचिरहेको छ । तर, त्यसको माली भने तिनै युद्धपिपासु शोषक भँगेरा छन् । गौँथलीको गुँडमा भँगेराको राज चलेको छ । उनीहरूले गौँथलीलाई लखेटे तैपनि आजसम्म म त्यो गुँडलाई भँगेरको नभनेर गौँथलीकै गुँड भनिरहेको छु । त्यो कहिल्यै भँगेराको गुँड हुन सकेन । आखिर गौँथलीकै गुँड रह्यो । किनकि, व्यक्ति समाप्त भए पनि उसको सिर्जनामा व्यक्तित्व रहिरहन्छ । कहिल्यै समाप्त हुँदैन ।

-झझेरी डटकम

निबन्ध — **श्रीओम श्रेष्ठ रोदन**

आँसुको अक्षरमा

जीवनको सबैभन्दा ठूलो सत्य नै मृत्यु हो । स्वीकार नगरी सुख्खै नपाइने । गर्दिन भन्नेहरु पनि सहज स्वीकारिरहेका छन् । न धनले टार्न सक्ने । नशक्तिले, न सत्ताले नै । हुनेहरु र नहुनेहरुको जति विभेद भए पनि जीवनमा कहिले विभद गर्दैन मृत्युले । सबैका लागि र सधैंका लागि बराबर । कुरो आफ्नो मात्र होइन । सबैको उस्तै हो ।

राममणी रिसाल सरको सन्दर्भ हो । अहिले गइसक्नु भयो उहाँ २०७० कात्तिकमा । नहुनु भएका महिनाहरु धेरै भइसके । तर त्यस्तो पटक्कै लाग्दैन मलाई । मृत्यु सत्य हो । लोकको खबर बन्यो । तर पनि किन होला मलाई त्यस्तो नलागेको ? गुरु त गुरु नै हो उहाँ । पाटन क्याम्पसमा पढाउनु भएको । क्लासमा मन्त्रमुग्ध भएर सुन्थ्यौं उहाँलाई । त्यसो त धेरै छन् गुरुहरु । एउटै टोलवासीका पनि हौं हामी । यसको पनि खासै दम हुँदैन । लेखक र पाठकको सम्बन्ध पनि यति गहिरो नहुनु पर्ने हो । लेखक र सम्पादकको सम्बन्ध पनि अथाह नै हुन्छ । फेरि कुन सम्बन्धले यस्तो गरिरहेको छ मलाई ? त्यो पनि थाहा छैन । कुनै सम्बन्धको लागि धागोले जस्तो सिइरहनु पर्दैन रहेछ त । सबै मनको कुरो रहेछ । अद्भुत छ यो मन । न सगरमाथाले अग्लो घमण्ड गरेर मन जत्रो बन्न सक्छ । न समुन्द्रले आफ्नो गहिरो नपाएर मनसँग तुलना गर्न सकिन्छ । आखिर शक्ति भनेकै नदेखिनेमा हुँदोरहेछ । देखिने त देखिहालिन्छ । नापजोख गर्न सकिहालिन्छ । अब कहिले आउला त्यस्तो दिन । सरको नयाँ कृति निस्कनासाथ घरमा आउनु हुन्थ्यो र ‘अत्यन्त प्रिय भाइ श्रीओम श्रेष्ठलाई स्नेह साथ’ लेखेर पुस्तक उपहार दिनु हुन्थ्यो । सरको पुस्तक ‘प्रकाशित-अप्रकाशित’ नै होला अन्त्यमा पाएको । त्यही पुस्तकमा २०६८ मङ्सिर ११ गते आइतबारको मिति सहित हस्ताक्षर गरेर दिनु भएको थियो । उपहार पनि अन्तिम नै । मलाई यो पनि भन्न मन लागिरहेको छैन । कुनै दिन फेरि मर्निङ वाक गर्दै गरेको भेट्छु जस्तो लाग्छ । कुनै दिन फेरि ढोकाको घण्टी बजाउन आइपुग्नु हुन्छ जस्तो लाग्छ । सँगै बसेर फेरि पनि चिया र विस्कुट खान्छौं जस्तो लाग्छ । साहित्यका कुरा, समाजका कुरा गर्नेछौं जस्तो लाग्छ । जागिरका सहज र असहज सन्दर्भहरु उप्क्याउने छौं । इमान्दारी र स्वाभिमान पूर्वक बाँच्नु नै हाम्रो बचाइ र हाम्रो कमाइ हुने कुरा गर्नेछौं जस्तो लाग्छ । सरलाई थाहा छ कि छैन । म सरका कुरा कानले भन्दा बढी मनले सुन्थे । जीवन, अध्ययन, अध्यापन, लेखन, जागिरका अनुभवले कमाएका परिपक्व अनुभवहरु बाँडिरहनु भएको जस्तो लाग्थ्यो । त्यसै पनि सर दुखले माझिनु भएको मान्छे । त्यसैले आँसुहरु अक्षर अक्षरमा व्यक्त गर्नु हुन्थ्यो । कति गहिरोसँग पोखिनु हुन्थ्यो । त्यसैले सरका निबन्धका हरफ हरफमा जीवनको ठूलो दर्शन हुन्थ्यो । एक पटक मकहाँ आउनु हुँदा कुकुरले टोक्यो सरलाई । तर अलिकति पनि विचलित हुनु भएन र उल्टै भन्नुभयो ‘तल झ्यापुल्लेले आज मलाई माया गऱ्यो ।’ अरु भए कस्तो प्रतिक्रिया व्यक्त गर्थ्यो होला ? तर तपाईं, ओहो यस्तो समाजमा पनि बुद्ध जस्तो व्यवहार गर्न सक्नु हुन्थ्यो । मान्छेभित्र जे छ त्यही व्यवहारमा प्रकट हुने त रहेछ नि । यस्तो प्रेम, सद्भाव र शालिनताले भरिपूर्ण व्यक्तिले कति डरलाग्दो सन्तान दु:ख भोग्नुपऱ्यो । जुन छोराको नाम ‘जीवन’ राख्नुभयो त्यही छोराको जीवन रहेन १७ वर्षमा । ‘ममता’ नाम राख्नु भएकी छोरीको ममता तीस वर्षमा तोडियो । ‘हामी मानिसको अस्पताल, भेलोरमा भर्ना भई उपचार गराइरहेका छौं । म ठीक छु । धन्दा मान्नु पर्दैन ’ भनेर लेख्ने ममताले Now any moment, I am ready to die भनेर लेखेका अक्षरहरु साक्षी राखेर कति बग्नु भो नदी बनेर । सन्तान वियोगको पीडाले कहिले छोडेन सरलाई । त्यसमाथि धर्मपत्नीले पनि साथ छोड्नुभयो । हुँदा पनि होश गुमाउनु भयो पछिल्लो समय । सर आफूभित्रको दु:खको नदी लुकाएर भन्नु हुन्थ्यो, के गर्नु आँसु छउन्जेल बगाई छोराछारीका लागि । अहिले रित्तिउकी छे । आँसु लागेको हो आँसु ।’ आँसु पिउनेहरु नै निबन्ध लेख्छन् क्यार भनेर सरले लेख्नु भएको छ - मेरा निबन्धहरुका खास मुहान म नै भएकोले बारम्बार मेरै वरपर ती घुमेका र डुलेका देखिने छन् ।

आत्मपरक निबन्धको श्रृङ्गला टुटेर भाँचिदा जोडिन जाने विषय वस्तुमा संयोजकको भूमिका मेरो बाहेक अरुको हुनसक्ने हुँदै भएन । यसरी म दोहरिएको छु । दुर्घटनाग्रस्त र जीवन्त बनेका मेरा क्षणहरु यसमा सकंलित छन् । मेरो भाग्यको पर्खाल चर्किएको धेरै क्षणहरु यसमा भएकाले भत्किएका मान्छेको या स्वर-संसार मानिदिंदा पनि मैले चित्त दुखाउनु पर्दैन । हो नै सर, तपाईंका निबन्धहरु आँसुका अक्षरले लेख्नु भएको छ । चुर्लुम्म आँसुमय भएर लेख्नु भएको छ । भित्री तहसम्मको दु:खको भण्डारलाई व्यक्त गर्न खोज्नु भएको छ । सरले जसरी मुटुको भित्री पाटोबाट अक्षरहरु निकाल्नु भएको छ । त्यसै गरी पढ्नेको पनि मुटुसम्मै पुग्छ । ‘अक्षरपछिको अक्षर’ (२०४१) सँग्रहका निबन्धहरु पढेपछि नै मलाई निबन्धले तानेको थियो । दु:खका अक्षरले निथ्रुक्क भिजें म । पीडालाई कलात्मक बनाउने सरको शैलीले मलाई छोएको थियो । त्यो सग्रहका निबन्धका धेरै जस्ता हरफहरुलाई अण्डरलाइन गरेको छु । र पटक-पटक पढेको छु । निबन्धहरु जति पटक पढ्दा पनि धीतै मर्दैन । जहिले पनि नयाँ निबन्धको स्वाद दिन्छ सरका निबन्धहरुले । बाइस वर्ष अघिको कुरो हो । त्यतिबेला म चेक गणतन्त्रमा थिए । त्यहाँ फुर्सद हुनासाथ साहित्यका किताबहरु पढ्थें । पटक-पटक दोहोऱ्याएर भने ‘अक्षरपछिको अक्षर’ नै पढेको थिए । जति पटक पढ्दा पनि धीत नमरेको किताव हो त्यो । पुस्तकको प्रत्येक निबन्धका अक्षरभित्र बेदना लुकेको छ । अलिकति मात्र आत्मसात् गर्न सकियो भने निबन्धको बेग्ले स्वादले लठ्याउँछ । म मजाले पटक पटक लट्ठेको छु । सरकै निबन्ध पढेर नै म निबन्धको डोरीले खोल्नै नसक्ने गरी बाँधिएको हुँ । पाएसम्मको निबन्ध पढ्ने बानी पऱ्यो र त्यही बानीले निबन्ध नै लेख्न सिकायो मलाई । झन् सर तपाई मलाई बारम्बर प्रोत्साहित गरिरहनु हुन्थ्यो । तसर्थ अहिले सरको अनुपस्थितिमा म मेरो निबन्ध लेखनको जस सरलाई दिन चाहन्छु । बाँचुन्जेल नभन्ने मरेपछि जसको कुरा गर्ने यो बेइमानी हो कि इमान्दारिता ? कृतिमता हो कि श्रद्धा ? बुझ्नेले आ-आफ्नै ढङ्गले बुझाओस् । मेरो कुनै आपत्ती हुने छैन । हुन त हिजो पनि सरसँग नभनेको धेरै कुरा भनेको छु । भनेरै कति कुरा नभनेको छु । जुन अक्षरहरुले म पग्लिएको थिए ती अक्षरहरु अहिले पनि जिउँदा जाग्दा छन् । अक्षर बाच्नुको अर्थ अक्षरका धनी पनि बाच्नु नै हो । अक्षर बाँच्ने र अक्षरधनी नबाँन्ने भन्ने कुरा हुनै सक्दैन । यही विश्वासमा म तिनै अक्षरहरुलाई साक्षी राखेर भन्न सक्छु - निबन्ध लेख्ने प्रेरणा तपाईं राममणि रिसालको अक्षर पछिको अक्षरबाट नै भएको हो । यो भन्दा ठूलो अर्को कुन शपथ हुन सक्छ ? अदालतमा जति ठूलो अभियोग लागेकोलाई पनि अक्षर छुवाएरै अदालतमा शपथ खुवाइने त हो नि। साँचो बोल्छु भन्ने विश्वास गराउने र गर्ने त हो नि । म जे बोल्छु सत्य बोल्छु, भनेर । मेरो लागि ‘गीता’ भन्दा ठूलो ‘गीता’ सरका अक्षरहरु नै हुन् । भनेपछि के चाहियो र ? आखिर जताबाट घुमाए पनि सम्बन्ध त अक्षरकै हो नि । अक्षरको सम्बन्ध न बनावटी हुन्छ न बेइमान नै । अक्षरले न धोका दिन्छ न दु:ख नै । मेरो विश्वास हो । हुन त बेइमानीहरुले विश्वासको भऱ्याङ चढेको अनुभव मसँग पनि नभएका होइनन् । अक्षरका अपराधीहरु अनेक रुपमा लुकीलुकी हिंड्छन् । सत्य देखेपछि यस्ता आउँछन् जान्छन् । जमेर बस्न सक्ने हैसियत नै हुँदैनन् यस्तामा । अक्षरलाई सम्मान गर्ने, अक्षरलाई आफ्नो ठान्ने, अक्षरमा आफ्नो अनुहार खोज्ने, अक्षरमा आफ्नो मन विसाउने, अक्षरमै सन्तुष्ट हुनेहरु अक्षरलाई नै सर्वोपरी ठान्छन् । अक्षरलाई नै कमाइ ठान्छन् । अक्षरलाई नै बचाइ ठान्छन् । धर्म पनि अक्षर कर्म पनि अक्षर । सर, तपाई आफू बलेर अरुलाई शीतल दिनु हुन्थ्यो । प्रेरणा दिनु हुन्थ्यो, स्याबासी दिनु हुन्थ्यो, मेरो अग्रज । मेरो गुरु मेरो निबन्ध कलमको स्रोत हुनुहन्थ्यो । तपाईं विरामी भएको थाहा पाएपछि एक दिन भेट्न आएको थिएँ । साँझको समय अफिसबाट फर्केर आएको थिएँ । त्यतिबेला म फेरि मधुपर्कमा फर्किसकेको थिएँ । ‘हास्यव्यङ्ग्य’ अंक निकालिसकेको थिए । सर, मलाई देखेर, मधुपर्कमा मेरो नाम हेरेर कति खुशी हुनु होला, कति स्यावास भन्नु होला भन्ने लागेको थियो । तर सरलाई देखेपछि मेरो चाहना मात्र होइन मैले आफैलाई समेत बिर्सिए । सर त्यतिबेला मेचमा बसिरहनु भएको थियो । मुन्टो एकातिर अलि झुकेको थियो । मलाई देखेपछि टुलुटुलु हेर्नु भयो तर कुनै प्रतिक्रिया व्यक्त गर्नु भएन । म नजिकै आएर अभिवादन गरें । सरका हात अलिकति माथि उठे । मैले मधुपर्क दिएर आफ्नो कुरा भनें । असजिलो गरी वल्टाइ पल्टाइ हेर्नुभयो । सम्पादकमा मेरो नाम देखेपछि सरका दुवै आँखा उज्याला भए । विस्तारै हात उठाउनु भो । म नजिकिएर शिर थापें । सरले दुबै हात मेरो शिरमा राखेर आर्शीवाद दिनुभयो । स्याबास भन्नुभयो । मेरो चेला भनेर गर्व गर्नु भयो । म अवरुद्ध भए, मैले केही व्यक्त गर्न सकिन । भित्रबाट प्रेमले छोइएँ म । त्यतिखेर सरले प्रष्ट बोल्न सक्नु भएको थिएन । तर भन्नुपर्ने सबै भन्नु भएको थियो । सर ,चेतना भन्ने कुरा बाहिर होइन भित्रै हुँदो रहेछ । त्यो साँझ छुट्टिने बेलामा मैले भनेको थिएँ । ‘फेरि भेट्न आउने छु’ तर मैले पूरा गर्न सकिन । के थाहा सर, त्यही भेट नै अन्तिम भेट हुन्छ भनेर । तर पनि मलाई पटक्कै गुनासो छैन । मलाई विश्वास छ -अक्षरमा बाच्नेहरुसँग भेट्नको लागि भौतिक रुपमै भेटिरहनु पर्दैन । के सबै देखेका मात्रै सत्य हुने हुन् र ?

-समकालीन साहित्य डटकम

तानसेनमा खुल्ला भलिबल प्रतियोगिता हुँदै

पाल्पा, भदौ ८/पाल्पाको सदरमुकाम तानसेनस्थित टुँडिखेल मैदानमा खुल्ला पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । श्रीनगर भलिबल क्लवको आयोजनामा यही भदौ १८ गतेदेखि २१ गतेसम्म प्रतियोगिता हुन लागेको हो ।

क्लवलले शुक्रबार तानसेनमा पत्रकार सम्मेलन गरी प्रतियोगिता आयोजना गर्न लागिएको जनाएको छ । खेल क्षेत्रको विकाससँगै राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले 'प्रथम रणउज्जेश्वरी भगवती कप २०८०' प्रतियोगिता आयोजना गर्न लागिएको क्लवका अध्यक्ष कृष्णबहादुर आलेले बताए । उनले भने 'देश, विदेशमा रहनुहुने नेपाली, खेलप्रेमी व्यक्तित्वहरुको सहयोग र शुभेच्छाका कारण प्रतियोगिता गर्न लागेका हौं ।' प्रतियोगितामा प्रथम हुनेले एक लाख ११ हजार १ सय ११, द्धितिय हुनेले ७७ हजार ७ सय ७७, तृतिय हुनेले ४४ हजार ४ सय ४४ र सान्तवना हुनेले २२ हजार २ सय २२ नगद पुरस्कार प्राप्त गर्ने छन् । प्रतियोगितामा विभिन्न विधामा उत्कृष्ट हुने खेलाडीलाई समेत पुरस्कृत गरिने अध्यक्ष आलेले बताए । उनका अनुसार पुरस्कारसहित प्रतियोगिता व्यवस्थापनका लागि आठ लाख ५० हजार १ सय ५४ बराबरको खर्च अनुमान गरिएको छ । उक्त बजेटका लागि विभिन्न सहयोगीदाताहरुको सहयोग रहने आयोजकले अपेक्षा गरेको छ । प्रतियोगितामा १० टिमसम्मको सहभागिता रहने अनुमान गरिएको छ । प्रतियोगिता हुने समयमा श्रीकृष्ण जन्माष्टमी तथा ऐतिहासिक भगवती जात्रा परेकाले पनि खेलाडी र दर्शकहरुको उल्लेखीय सहभागिता रहने क्लवका अध्यक्ष आलेले बताए । कार्यक्रममा जिल्ला खेलकुद विकास समिति पाल्पाका कार्यवाहक अध्यक्ष दिपक घिमिरेले क्लवले जिल्लाको खेलकूदलाई चलायमान बनाउने र खेलको विकासमा टेवा पुऱ्याउने गरी प्रतियोगिता आयोजना गर्न लागेकोमा खुसी व्यक्त गरे । उनले खेल र खेलाडी उत्पादनमा समेत यस्ता प्रतियोगिता महत्वपूर्ण हुने भन्दै प्रतियोगिताका लागि खेलकूद विकास समिति पाल्पा र लुम्बिनी प्रदेशबाट आवश्यक सहयोग रहने बताए । सोही अवसरमा अध्यक्ष घिमिरेले प्रतियोगिताका लागि व्यक्तिगत रुपमा १० हजार १ सय सहयोग गर्ने पनि प्रतिवद्धता व्यक्त गरे । प्रतियोगिताको प्रचार -प्रसार गरी खेल प्रतियोगितालाई सफल बनाइदिन क्लवका अध्यक्ष आलेले पत्रकारहरुलाई आग्रह समेत गरेका छन् । २०७५ सालमा स्थापना भएको क्लवलले राष्ट्रियस्तरका दर्जानौं खेलाडीहरु उत्पादन गर्न सफल भएको छ । उसले विभिन्न समयमा महिला र पुरुष भलिबल प्रतियोगिताहरु सञ्चालन गर्दै आएको छ । आगामी दिनहरुमा पनि प्रतियोगिताहरुलाई निरन्तरता दिँदै जाने क्लवका सचिव दिपक चोहानले बताए ।

रैनादेवी छहरा मिलन...

...उनका अनुसार सामाजिक सद्भाव, समानताको संस्कृति विकास गर्न, रैनादेवी छहरा गाउँपालिका भित्रका ऐतिहासिक, पुरातात्विक महत्वका स्थल,गुठी, मठ मन्दिर लगायतका धरोहर, रिती थिति, परम्परा सहितका सांस्कृतिक, आर्थिक पक्षको अध्ययन, अन्वेषण गरेर रणनैतिक महत्वका राय, सल्लाह, सुझाव सरोकारवाला निकायलाई सम्प्रेषण गर्न आवश्यक समेत महसुस गर्दै समाज गठन गरिएको हो । भेलाले गाउँपालिकाको आर्थिक, सामाजिक रूपान्तरण, सांस्कृतिक पहिचानको संरक्षण एवं संवर्द्धन तथा सामाजिक सद्भावका लागि एकतावद्ध भएर क्रियाशील हुने प्रण पनि गरेको छ । पूर्व डिआइजी तथा सामाजिक अभियान्ता कार्कीले भेलामा प्रस्तुत गरेको रैनादेवी छहरा मिलन समाज, काठमाडौंको परिकल्पना, उद्देश्य, कार्यक्रमको स्वरूप समेतका बारेमा प्रकाश पारिएको अवधारणा पत्र सर्वसम्मतबाट पारित समेत गरिएको थियो । नेपाली सेनाका पूर्व रथी तथा सल्लाहकार यादबबहादुर रायमाझीले नवगठीत समितिलाई बधाई तथा शुभकानमा दिँदै समाजलाई रणनैतिक महत्वका विषयमा परामर्श दातृ संस्थाका रूपमा क्रियाशील बनाउनुपर्नेमा जोड दिए । समाजले निकट भविष्यमा रैनादेवी छहरामा कार्यशाला गोष्ठी गरी पालिकाको विकास र समृद्धि, जनजिविका एवं जीवनस्तर सुधार सम्बन्धी कार्यपत्र, अवधारणा पत्र तयार पार्ने र सम्बद्ध निकायमा लैजाने योजना रहेको जनाएको छ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले

डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)
राहदानी	रु. ८००/-

अन्य

ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
प्वाइन्टर	रु. १०००/-

जनचेतना

कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

खेलकुद समाचार

मलेसियासँग हारे पनि नेपाल फाइनलमा

काठमाडौं, भदौ ८/मलेसियासँग हारे पनि नेपाल चार देश सम्मिलित महिला टी-२० शृङ्ख्लाको फाइनलमा पुगेको छ । शुक्रबार मलेसियाको बायोमास ओभल मैदानमा भएको खेलमा नेपालले दिएको ८४ रनको सामान्य लक्ष्य मलेसियाले १६ ओभर २ बलमा ४ विकेट गुमाएर भेटायो ।

मलेसियाका लागि अइना हमिजा हशिमले नटआउट ३७ र माहिराह इजाती इस्मेलले २१ रन बनाइन् । बलिङतर्फ नेपालकी कप्तान रुबिना क्षेत्री, पूजा महतो र सीता राना मगरले १/१ विकेट लिइन् । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित १८ ओभरमा ७ विकेट गुमाएर ८३ रन बनायो । वर्षाका कारण २० ओभरको खेल १८ ओभरमा झारिएको थियो । नेपालका लागि कप्तान रुबिना क्षेत्रीले २३, इन्दु बर्माले २० र विकेटकिपर काजल श्रेष्ठले १८ रन बनाइन् । बलिङतर्फ मलेसियाकी अइना हमिजा हशिम, नुर दानिया स्युहादा र माहिराह इजाती इस्मेलले २/२ विकेट लिइन् । नेपाल ३ खेलमा ४ अङ्कसहित शीर्ष स्थानमा रह्यो । यस्तै हङकङ पनि उति नै खेलमा ४ अङ्कसहित दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेको छ । मलेसियाले पनि ४ अङ्क जोडे पनि नेट रनरेटमा पछाडि पर्दा फाइनल पुग्न सकेन । फाइनल खेल आज शनिबार हुनेछ । आज नै मलेसिया र ३ खेलमै अङ्कविहीन रहेको कुवेतबीच तेस्रो र चौथो स्थानका लागि खेल हुनेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

अर्थ/कर्पोरेट समाचार

'अर्थतन्त्र सुधारका लागि उद्यमशीलतामा जोड दिनुपर्छ'

बुटवल, भदौ ८/लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले मुलुकको अर्थतन्त्र सुधारका लागि युवा उद्यमशीलतामा जोड दिनुपर्ने बताएका छन् ।

नेपाल जेसीजले तिलोत्तमामा आयोजना गरेको जेसीज क्षेत्र 'घ' सम्मेलन उद्घाटन गर्दै शुक्रबार मुख्यमन्त्री चौधरीले पलायन भइरहेका युवा जनशक्तिलाई रोक्न मुलुकभित्रै रोजगारी सिर्जना गर्नुपर्ने बताए । उनले लुम्बिनी प्रदेशमा दुई लाख युवालाई रोजगारी सिर्जनाका लागि कार्यक्रम ल्याएको र उक्त कार्यक्रमका लागि सहयोग गर्न जेसीजसमक्ष आग्रह गरे । मुलुकको भविष्य युवाको काँधमा रहेको बताउँदै उनले युवालाई जिम्मेवार भएर प्रस्तुत हुन पनि आग्रह गरे । जेसिजमा उद्यमशील युवा आवद्ध रहेको भन्दै उनले रोजगारी सिर्जनामा सरकारले जेसिजसँग सहयोगको अपेक्षा गरेको बताए । नेपाल जेसीजका अध्यक्ष विकास मानन्धरले जेसिजमा १८ देखि ४० वर्ष उमेर समूहका युवाको संख्या बढी रहेको जानकारी गराउँदै युवाको नेतृत्व विकासमा काम गर्दै आएको बताए । तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाणले देशको नेतृत्व युवाले गर्नुपर्ने बेला आएको बताउँदै त्यसका लागि तयार हुन आग्रह गरे । उनले व्यापार घाटाका कारण देशको अर्थतन्त्र खस्कँदो अवस्थामा रहेको भन्दै त्यसलाई सही बाटोमा ल्याउनका लागि आयात प्रतिस्थापन गर्दै निर्यात बढाउनु आवश्यक रहेको बताए । तिलोत्तमा जेसिजको आतिथ्यतामा दुई दिनसम्म चल्ने जेसिज क्षेत्र घ सम्मेलनमा विभिन्न विषयमा कार्यपत्र प्रस्तुत तथा प्यानल छलफल हुने तिलोत्तमा जेसिजका अध्यक्ष प्रकाश गौतमले बताए । सम्मेलनमा क्षेत्र 'घ' अन्तर्गतका गैंडाकोटदेखि पश्चिम महेन्द्रनगरसम्मका ५८ शाखाबाट करिब पाँच सय सहभागी रहेको तिलोत्तमा जेसिजका महासचिव महेश पौडेलले जानकारी गराए । **-रासस**

वर्ष दिनमा आठ सय बढी...

...'स्कुलबाट फर्केपछि गृहकार्य सकाउने पहिलो काम हो, साँझको खाना खाएपछि रङ्गीन बालकथा पढ्छिन्', डुम्रेले भनिन्, 'गृहकार्य गर्न र उनले सक्ने व्यक्तिगत सरसफाइका काम अर्‍याउन पर्दैन, घरमा पनि अनुशासित भएर अध्ययन गर्न सिकाएका हुन्छौं ।' लीनाले पुस्तकालयबाट किताब घरमै लगेर बाबाआमालाई पनि सुनाउने गरेको बताइन् । 'एकपछि अर्को किताब कस्तो होला भन्ने लागेर नयाँनयाँ किताब पढ्छु', लीनाले भनिन्, 'विद्यालय खुल्दा कहिल्यै पुस्तकालयका पुस्तक पढ्न छुटाउँदिन, किताब छानीछानी पढ्न पाइने, घरमा पनि लैजान पाइने भएकाले विद्यालय आउन मन लाग्छ ।' लीनाले लामो समय विद्यालय बिदा हुँदासमेत पुस्तक घरमा लगेर पढ्ने गरेको बताइन् । विद्यालयका प्रधानाध्यापक पशुपति पाण्डेले बालमैत्री पुस्तकालय स्थापना भएपछि बालबालिकाले कसैको दबाबबिना पुस्तक पढ्न थालेको बताए । उनले पुस्तकालयका कारण बालबालिकाको विद्यालयमा अनुपस्थित हुने दर कम हुँदै गएकोसमेत जानकारी दिए । प्रधानाध्यापक पाण्डेले पुस्तकालयका कारण बालबालिकामा विकास भएको पढ्ने सीप र बानीमा आएको परिवर्तन देखेर खुसी लागेको बताए । कालीगण्डकी गाउँपालिकामा ३५ सामुदायिक विद्यालय छन् । गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले यहाँका सामुदायिक विद्यालयमा कक्षा दुईमा अध्ययन हरेक विद्यार्थीले नेपाली सरर्र पढ्न सक्ने दाबी गरे । उनले यहाँका पुस्तकालय युरोपेली मापदण्डका आधारमा सञ्चालन गरिएको बताए । सूर्योदय क्लबका अध्यक्ष अनन्तकुमार श्रेष्ठले यहाँका सामुदायिक विद्यालयमा क्लबले पुस्तकालय व्यवस्थापनको काम गरिरहेको बताए । उनले 'रुम टु रिड' संस्थाको सहयोगमा बालमैत्री पुस्तकालय सञ्चालन गरिएको जनाउँदै यस अभियानमा पछिल्लो समय पालिकाले पनि लगानी गरेको बताए । विद्यालयमा रहेका पुस्तकालयको अनुगमन, रेखदेख र व्यवस्थापनका लागि १५ शिक्षकसहित दुई जना प्राविधिक खटाइएको उनको भनाइ थियो । **-रासस**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई